# बार्षिक प्रगती समिक्षा गोष्ठि प्रतिवेदन

# आ.व. २०७२/७३

गढिमाई नगरपालिका

जितपुर,बारा

मिति : २०७३।०७।२६

स्थानिय स्वायत्त शासन ऐन २०५५, को परिच्छेद ८ ले नगरपालिकालाई राजस्व अधिकार प्रदान गरेको र दफा २३६ बमोजिम नेपाल सरकारले अनुदान दिने व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ “घ” ले यस्तो रकम प्रभाव गर्दा न्यूनतम शर्त तथा कार्यसम्पादन सुचकको आधारमा स्थानीय निकायहरुको मुल्याङ्कन गरी स्थानीय निकायलाई दिईने बार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायहरुलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरेको छ । सो व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकार स्थानीय निकाय बित्तीय आयोगले यो “नगरपालिकाका लागी न्युनतम शर्त तथा कार्यसम्पादन मापन कार्यबिधि (परिमार्जन र संशोधन सहित), २०६६” तर्जुमा गरी लागू गरेको छ ।

सोहि “नगरपालिकाका लागी न्युनतम शर्त तथा कार्यसम्पादन मापन कार्यबिधि (परिमार्जन र संशोधन सहित), २०६६” बमोजिम बार्षिक प्रगति समिक्षा गोष्ठि कार्तिक मसान्त भित्र स्थानिय तहमा सबै सरोकारवालाहरु (राजनितिक दल सञ्चारकर्मी, नागरीक समाजका प्रतिनिधिहरु लगायत) को उपस्थितिमा गर्नुपर्ने प्रावधान रहेको हुदाँ मिति २०७३।०७।२५ गते गढिमाई नगरपालिकाले सबै सरोकारवालाहरुको उपस्थितिमानै संयुक्त वडा समितिको कार्यालय, सिमरामा नगरपालिकाको नगरप्रमुख एवँम कार्यकारी अधिकृत श्री डिल्लीराज वेलवासेज्यूको अध्यक्षतामा बार्षिक प्रगति समिक्षा गोष्ठि सम्पन्न गरेको छ ।

गोष्ठिमा कार्यकारी अधिकृतज्युबाट बार्षिक प्रगति समिक्षा प्रतिवेदन पेश गर्नू भएको थियो । प्रतिवेदन पश्चात उपस्थित बिभिन्न सरोकारहरुबाट प्रतिवेदन उपर समिक्षा गरेका थिए । समिक्षाका केहि संक्षिप्त बुदाँहरु यहाँ पेश गरीएको छ ।

**नगरप्रतिनिधि पदाधिकारिहरु**

- वडागत योजनाहरुलाई कार्यान्वयन नगरी नयाँ योजनाहरुलाई परिषदमा पेश गरीएको ।
- वडास्तरमा प्रशस्त छलफल गरी निर्णय गर्नुपर्ने, योजना छनौट गर्दा Scientific हुनुपर्ने ।
- नागरीक सचेतना केन्द्रमा लगानी भएको ऋणको चुक्ता गर्ने अवधी बढ्नुपर्ने ।
- आ.ले.प., अन्तिम लेखा परिक्षणको कार्य समयमानै गर्ने पर्ने ।
- सुधार गर्नेपर्ने पक्ष धेरै रहेका जस्तै कार्यकारी अधिकृतहरु अनुभवी र दक्ष हुनुपर्ने ।
- नगरपालिकाको काय व्यवस्था व्यवस्थित हुनुपर्ने ।
- नगरपालिकाबाट हुनुपर्ने कार्यहरु पारदर्शि हुनुपर्ने ।
- अभिलेख व्यवस्थापन चुस्त दुरुस्त हुनुपर्ने ।
- राजश्व बृद्धिका लागी बिशेष कार्यक्रम संचालन गर्नूपर्ने ।
- औद्योगिक प्रदुषण बाट प्राप्त हुनुपर्ने प्रदुषण कर नगरपालिकाले उठाउनु पर्ने ।
- फोहोर व्यवस्थापन - स्थानको पहिचान गरी व्यवस्थित गर्नुपर्ने ।
- चुनौति धेरै छन जस्तै लेखापालको व्यवस्था, कर्मचारीको कमी
- सबैको सहमतीमा निति, कार्यक्रम र बजेट बन्न पर्ने ।
- सबै वडाहरुमा समानुपातिक किसिमले बजेट बिनियोजन हुनुपर्ने ।
- सडक बर्षको रुपमा आगामी ३ बर्षलाई मनाउने ।
- बजेटको पारदर्शिता अनिवार्य ।
- लक्षित बर्गको बजेटको प्रभावकारी कार्यान्वयन ।
- गरीब, सिमान्तकृत, पिछडिएको क्षेत्रमा बिशेष प्राथमिकता दिनुपर्ने ।
- लक्षित बर्ग अर्न्तगत गरीबि निबारण कोष, सचेतना केन्द्रमा मा सिमित रहनु भएन, अन्य गरीब समुदायमा पनि ऋण प्रवाह कुनु आवश्यक रहेको ।

- सामाजिम परिचालकहरुलाई लक्षित बर्गको गरीवी निबारण कोष मार्फत भएको ऋण लगानी गर्दा Incentive को ब्यवस्था गर्नुपर्ने ।
- नगरगुरु योजनाको निर्माण ।
- एकिकृत योजना तर्जुमा ।
- लक्षित बर्गको कार्यक्रम औपचारीकतामा सिमित रहेको । खासगरी बालबालिका क्षेत्रमा ।
- खेलकुद सामाग्रीको बितरणमा ढिलाई भएको ।
- चक्रपथ सडकको निर्माण ।
- आदिबासीहरुको हकअधिकार का बिषयमा जनचेतना मुलक कार्यक्रम
- कर्मचारी ब्यवस्थापन ।
- कोठा र जग्गाको समस्या समाधान गर्न नगरपालिकाले पहल गनू पर्ने ।
- नगरपालिकाको परिषदलाई भब्य र सभ्य बनाउनु पर्ने ।
- कल्भर्ट निर्माणलाई आवश्यकता अनुसार छिटो निर्माण गर्नुपर्ने ।
- राजश्व बृद्धिलाई ध्यान दिनुपर्ने ।
- योजना कार्यक्रमको छनौट गर्दा सबै वडालार्य समान रुपमा हेरिनुपर्ने ।
- नगरपालिकाको नक्साङ्कन गरी बिकास को रुपरेखा कोर्नुपर्ने ।
- नगरपालिकाको पार्श्वचित्र बन्नुपर्ने ।
- नगरपालिकाको अभिलेख ब्यवस्थित हुनुपर्ने ।
- नगर गूरुयोजना/Land Use Plan बन्नुपर्ने ।
- एकिकृत योजना बनाउने ।
- आवश्यकताको आधारमा योजना बन्नुपर्ने, बाटोलाई प्राथमिकता दिनुपर्ने ।
- सामाजिक क्षेत्रको बजेट कहाँ कति खर्च भयो, सो को जानकारी हुनुपर्ने ।

**वडा नागरीकमञ्चको पदाधिकारी**

- ग्रावेल गर्ने कार्यलाई सबै वडामा समानुपातिक रुपमा पुयाउनुपर्ने , डुमरवाना क्षेत्रमा २ ट्रिप मात्र झरेको ।
- लेखापालको ब्यवस्था हुनुपर्ने ।
- गरीबिको रेखामुनि रहेको अन्य समुदायलाई पनि संबोधन गर्नुपर्ने ।
- पुजिगत बजेटको प्रभावकारी कार्यान्वयन
- ग्रामिण क्षेत्रको समस्या, सडक क्षेत्रलाई प्राथमिकता दिनुपर्ने ।
- पाँच बर्षे योजना बनाई सोहि अनुसार सडक क्षेत्रलाई प्राथमिकता दिनुपर्ने ।
- वडा नं १२ को बिकास लाई बिशेष प्राथमिकता दिनुपर्ने ।

**सामाजिक परिचालकको पदाधिकारी**

- लक्षित कार्यक्रम अन्तर्गत खेलकुद सामाग्रीको बितरण गनूपर्न ।

बार्षिक प्रगति समिक्षा गोष्ठिका केहि झलकहरु